# बन्दिपुर गाउँपालिका

## बन्दिपुर राजपत्र

### बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: १७ मिति: २०८०/०१/१५

भाग २


बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दिपुर गाउँपालिकाकाको संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०७९

प्रस्तावना

बन्दिपुर गाउँपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक,सांस्कृतिक, बैज्ञानिक, शौक्षिक, बोद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरुकों स्थापना तथा दर्ता गर्न र कानुन बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी

भूमिकालाई प्रभावकारी, जबाफदेही र पारदर्शी बनाउँदै गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ग(ठ) बमोजिम कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बन्दिपुर गाउँपालिकाको गाउँकार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम बन्दिपुर गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली २०७९ रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागु हुनेछ ।

(३) यो नियमावली बन्दिपुर गाउँपालिकाको गाउँ क्षेत्रभित्र लागु हुनेछ ।

**२. परिभाषा र व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-**

(क) **गाउँकार्यपालिका"** भन्नाले बन्दिपुर गाउँपालिका लाई सम्झनु पर्दछ ।

(ख) " **गाउँपालिका"** भन्ना ले बन्दिपुर गाउँपालिका सम्झनु पर्दछ ।

(ग) " **अध्यक्ष** " भन्नाले बन्दिपुर गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ)" **उपाध्यक्ष** भन्नाले बन्दिपुर गाउँपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ङ) **"स्थानिय अधिकारी"** बन्दिपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(च)"**संस्था** भन्नाले आर्थिक,सामाजिक, धार्मिक, साहित्यिक,सांस्कृतिक, वैज्ञानिक, शैक्षिक,बौद्धिक, विकास,पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एंव विस्तार गर्ने उदेश्यले स्थापना भएको संघ, संस्था, क्लब, आमा समूह, अध्यन केन्द्र आदी सम्झनुपर्छ ।

(छ) "**दातृ निकाय** भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षिय तथा वहुपक्षिय विकास साझेदारलाई सम्झनुपर्छ

(ज) **"अन्तराष्ट्रिय गैर सरकारी संस्था"** भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमती लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ ।

(झ) **"कार्य समिति"** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्दछ ।

(ञ) **"विधान"** भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

(ट) तोकिएको वा तोकिएको बमोजिम भन्नाले यस नियमावली अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्छ ।

**३.दर्ता नगरी संस्था खोल्न नहुने :**

(१) यस नियमावली बमोजिम बन्दिपुर गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाईने छैन ।

(२) प्रचलित नेपालको कानुन बमोजिम अन्यत्र संस्था स्थापना गरि गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउदा यस गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृती नलिने संस्थाहरु लाई काम गर्न रोक लगाई कानुन बमोजिम कारवाही गर्न सकिनेछ ।

**४.संस्थाको दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) यो नियमावली बमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्याक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहको संस्थाको विधानको २(दुई) प्रति र तोकिएको दस्तुर सहित तोकिएको अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम,

(ख)उद्देश्यहरु

(ग)संस्थाको कार्यक्षेत्र र विषय

(घ)प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र तिनपुस्ते विवरण,

(ङ) स्रोत साधन सम्बन्धी विवरण

(च) कार्यालय खोल्ने ठेगना,

(छ) पदाधिकारीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२)सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र ।

(३)उपदफा (१)बमोजिमको निवेदन प्राप्त भएपछि स्थानिय अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरि प्रमाणपत्र दिनेछ ।

(४)प्रचलित कानुन बमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेको संस्थाहरु यस नियमावली बमोजिम दर्ता/सुचिकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिनुपर्नेछ । संस्थाको नामबाट कानुनले प्रतिवन्ध लगाएको कार्य गर्न पाईने छैन ।

(५)उपदफा (३)बमोजिम संस्था दर्ता गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा तोकिए बमोजिम वर्गीकरण गरिनेछ ।

(६) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा,अवधि,दर्ता,नविकरण र दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संस्था नविकरण:** १) दफा ४ बमोजिम दर्ता गरिएको प्रमाणपत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

२) उपदफा (१) बमोजिम दर्ता प्रमाणपत्रको अवधि समाप्त भएका प्रत्येक संघ संस्थाले प्रमाणपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र, वार्षिक लेखापरिक्षण प्रतिवेदन र सम्वन्धीत वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा नियमानुसार दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी प्रमाणपत्र नवीकरण गराउन चाहने संघ संस्थाले नविकरण गर्ने माग गरेमा गाउँपालिकाको नियम बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृत वा प्रशासंन योजना तथा अनुगमन शाखा प्रमुख ले प्रमाणपत्र नवीकरण गरिदिनेछ ।

**६.संगठित संस्था मानिने :**

(१)यस नियमावली अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२)संस्थाले व्यक्ति सरह चलअचल सम्पति प्राप्त गर्न,उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३)संस्था व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६.संस्थासंग सहकार्यसम्बन्धी व्यवस्था :**

गाउँपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानुनको अधीनमा रही संस्थाहरुसंग सहकार्य गर्न सकिनेछ । सहकार्य सम्बन्धी विधि प्रक्रिया र शर्त तोकिए बमोजिम हुनेछ ।

**७.संस्थाको सम्पत्ति :**

(१)संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्नसक्नेछ ।

(२)संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

(३)उपदफा (२) बमोजिम सम्पत्ति फिर्ता गर्न गराउन प्रमुख प्रशासकिय अधिकृतले आदेश दिन सक्नेछ ।

(४)उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरि प्रमुख प्रशासकिय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धीत निकायमा उजुरी गर्न सक्नेछ ।

(५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै गैर कानुनी कार्य गरेमा संस्था,संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**८.संस्था गाभ्ने गाभिने वा उद्वेश्यमा हेरफेर:**

(१)संस्थाको उद्वेश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासंग गाभिन उचित देखेमा कार्यसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२)साधारण सभा संचालनका लागि आवाश्यक गणपुरक उपस्थित सदस्य संख्याको वहुमत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ र तर सो प्रस्ताव लागु गर्न तोकिएको अधिकृतको पुर्व स्वीकृति लिनुपर्नेछ ।

**९.हिसाबको विवरण पेश गर्नुपर्ने:**

कार्य समितिले आफ्नो संस्थाको कामको प्रगती,हिसाबको विवरण र लेखापरिक्षकको प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिकामा समक्षपेश गर्नु पर्नेछ ।

**१०.हिसाब जाँच गर्ने :**

(१) प्रमुख प्रशासकिय अधिकृतले आवाश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्ति गरेको कुनै कर्मचारीद्वारा जाँच गर्न गराउन सक्नेछ ।

(२)हिसाबजाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्र

त्येक सस्थाको पदाधिकारी,सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३)हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकिय अधिकृतले तोकिएको म्याद भित्र हिसावजाँचको प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृत समक्ष पेस गर्नु पर्नेछ । र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको,नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकिय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी,सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**११.निर्देशन दिने :**

गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बनिधत संस्थाको कर्तव्य हुनेछ ।

**१२.दण्ड र सजाय :**

(१) नियमावलीको नियम ३ बमोजिम दर्ता नगराई संस्था स्थपना वा संञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकिय अधिकृतले जनही ५(पाँच) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२)नियम ९ बमोजिमको विवरण पेश नगरेमा प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकिय अधिकृतले जनही २(दुई) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लङघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकिय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

(३) नियम १० को उपदफा (३) बमोजिम हिसाबजाँच गर्न सम्वनिधत अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धीत पदाधिकारी,सदस्य वा कर्मचारीलाई प्रमुखप्रशासकिय अधिकृतले पाँचसय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(४) नियम ८ बमोजिम प्रमुख प्रशासकिय अधिकृतले पुर्व स्वीकृति नलिई संस्थाको उद्वेश्यमा हेरफेर गरेमा वा अर्को स

स्थासंग गाभ्ने गाभिने गरेमा वा संस्थाले आफ्नो उद्वेश्यको प्रतिकुल हुने गरि कामकारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१३.पुनरावेदन :**

प्रमुख प्रशुसकिय अधिकृतले गरेको अनितम निर्णय उपर ३५ दिन भित्र सम्बनिधत जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१४.संस्थाको विघटन र त्यसको परिणम :**

(१)संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो स

स्थाको सम्पुर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) उपनियम (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो

दायित्व गाउँपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

**१५.अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी व्यवस्था**

१) कुनै पनि अर्न्ताष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानुन बमोजिम बन्दिपुर गाउँपालिका क्षेत्रभित्र कार्य गर्दा

बन्दिपुर गाउँपालिकाबाट पुर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१६.अन्य नेपाल नियमावली बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :**

यस नियमावली बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानुन बमोजिम अन्यत्र दर्ता र ईजाजत लिई संचलन गर्नुपर्ने रहेछ भने यस नियमावली बमोजिम दर्ता भएको संस्थाले सो नियमावली बमोजिम दर्ता गरि स्वीकृति लिएर मात्र स्थापना वा संचालन गर्नुपर्छ।

**१७.नियम बनाउने अधिकार :**

यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ।

**१८. खारेजी र बचाउ :**

(१) संस्थादर्ता, नविकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानुनमा व्यवस्था भएकोमा बाहेक यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

(२)यस नियमावलीमा भएको कुनै व्यवस्था प्रचलित संघिय र प्रदेश कानन संग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हनेछ।

***

**आज्ञाले**
**नवेशराज हमाल**
**प्रमुख प्रशासकीय अधिकृत**